१. पृष्ठभूमी :
नेपालको सँविधानको अनुसुची ८ का विभिन्न अधिकारहरु मध्ये स्थानीय कर लगाउन पाउने अधिकार प्रयोग गर्न पाउने, अधिकारको व्यहारत कार्यान्वयन तथा स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को बुदा २।१ को प्रावधान अनुसार स्थानिय तहको वार्षिक बजेट तयार गर्न सम्बन्धित गाउँपालिकाको राजस्व परामर्श हुने प्रावधान बमोजिम समितिको गठन भएको हो । यस समितिले आदर्श गाउँपालिकाको स्थानिय स्तरमा उठाउन सक्ने राजस्वको क्षेत्र, दर तथा राजस्व सम्बन्धी निति तथा कानुन तर्जम ागर्ने जस्ता काम गर्ने छ ।
२. उद्येश्य :
यो राजस्व परामर्श समिति गठन हुनका उद्येश्यहरु यस समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम छन् । (स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को बुदा २, १, २ बमोजिम )
क) राजस्व सम्बन्धि निती तथा कानुन तर्जमा संसोधन, परिमार्जन र सो को परिपालना सम्बन्धि आवश्यक परामर्श प्रदान गर्ने ।
ख) राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आ.ब. मा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।
ग) राजस्वको दर र क्षेत्र लगाएतको आधारमा आन्तरीक आयको विस्लेषण र अनुमान गर्ने ।
घ) स्थानिय उद्योग तथा व्यवसाय प्रवर्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर निती अबलम्बन गर्न परामर्श दिने ।
ङ) कर राजस्व गैर कर राजस्व, सेवा शुल्क दस्तुर आदीको दर निर्धारण गरि सिफारीस गर्ने ।
च) राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने ।
३. करका दरहरु पहिचान विधि :
क) आदर्श गाउँपालिकाले आ.ब. ०७८।०७९ मा लगाउन सक्ने करका दरहरु निर्धारण गर्न साविकका गा.वि.स. तथा हालका वडा कार्यालयहरुले उठाउने करको मात्रा विश्लेषण गरिएको थियो । साथै छिमेकी स्थानिय तहहरुले लगाएको करको दर गाउँपालिकाको आय बृद्धि गर्ने तौर तरिकाहरुको बारेमा द्धितीय तहहरुको अध्ययन गरिएको थियो । साथै जिल्लाका जिल्ला समन्वय समिति लगाएत सरकारी निकायबाट उठाउँदै आएको करका क्षेत्र, दर तथा दायराको अध्ययन गरि सिफारिस गरिएको छ ।
४. राजस्व परामर्श समितिले सिफारिस गरेका करका स्रोत, दर तथा दायराहरु :
आदर्श गाउँपालिकालाई यस राजस्व परामर्श समितिले सिफारिस गरेका कर, राजस्व गैर कर, राजस्व सेवा शुल्क तथा दस्तुर आदिको विवरण देहाय बमोजिम हुनेछ ।

कृतज्ञता :
यस गाउँपालिकाको बजेट निर्माण गर्ने क्रममा आन्तरीक स्रोतको अनुमान सँकलन, व्यवस्थापन तथा आवश्यक परामर्शको निमित्त गठित यस समितिले आफ्नो जिम्मेवारी सहज रुपमा पुरा गरी यो प्रतिवेदन प्रस्तुत गर्नु गौरबको विषय हो । स्थानिय तह सञ्चालनको छैठौं वर्षमा आइपुग्दा गाउँपालिकाको भौतिक सँरचना, कर्मचारी व्यवस्थापन तथा निर्वाचित पदाधिकारीहरु र यसलाई व्यवस्थित गर्ने ऐन, नियम तथा कानुन पनि पर्याप्त नभइ सकेको अवस्थामा यो कार्य गर्न सहज भने पक्कै भएन । राजस्व परामर्श समितिले यथासक्के, वस्तुनिष्ठ ढँगले, आवश्यक परामर्श सहित राजस्वको अनुमानित विवरण र आगामी बर्षमा यस गाउँपालिकाले उठाउन सक्ने राजस्वको प्रस्तावित विवरण प्रस्तुत गरेको छ ।

यस कार्यमा सहयोग पुर्‍याउनु हुने विभिन्न सँघ सँस्था, सरकारी तथा गैर सरकारी निकायहरु प्रति हामी आभारी छौँ । विषेश गरेर स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका सँयोजक तथा गाउँपालिकाका प्रमुख टेक बहादुर रोकाया ज्यू र सम्पूर्ण पदाधिकारी ज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, वडा कार्यालयका सबै सचिवहरु लगाएत यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सहयोगी हातहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

५. निश्कर्ष :

माथि उल्लेखित करका सम्भावना क्षेत्रहरुमा उपयुक्त करका दरहरु लागु गर्दा आ.ब. ०७८।०७९ मा यस गाउँपालिकाको ४०,००,०००।००( चालिस लाख) मात्र राजस्व सँकलन हुने देखिन्छ ।

६. गाउँपालिकाको स्थानिय आय बृद्धि गर्ने मुख्य स्रोतका रुपमा कर दस्तुर तथा सेवा शुल्क रहेका छन् । यस गाउँपालिकाको आय बृद्धि गर्न तथा राजस्वको परिचालन बृद्धि गर्नको लागि देहाय बमोजिमका सुझावहरु प्रस्तुत गर्दछौं ।

क) निर्धारित राजस्वका दायरा भित्र सम्बन्ध सबै पक्षलाइ ल्याउन कार्यपालिकाले विशेष भुमिका खेल्नुपर्ने ।

ख) लक्ष्य अनुरुप राजस्व सँकलन गर्नका लागि तुरुन्तै आवश्यक व्यवस्था गरि राजस्व सँकलन सुरु गर्नुपर्ने ।

ग) प्रत्येक बर्षको श्रावण महिना भित्र सबै पक्षलाई करको दायरामा ल्याइ सक्नुपर्ने ।

घ) राजस्वका थप क्षेत्रहरु पहिचान गर्न सम्भाव्यता अध्ययन गर्नुपर्ने ।

ङ) राजस्व चुहावट नियन्त्रण गर्ने तथा कर प्रशासन व्यवस्थित गर्दै कडाइका साथ कार्यान्वयन गर्नुपर्ने ।

राजस्व परामर्श समिति
आदर्श गाउँपालिका

१. गाउँपालिकाका उपप्रमुख : श्री कमला ओझा
२. प्रमुख प्रशासकिय अधिकृत : श्री सुरत बहादुर परियार
३. गाउँ कार्यपालिका सदस्य : श्री राइभान नागरी
४. गाउँ कार्यपालिका सदस्य : श्री लक्ष्मी ओड
५. उद्योग वाणिज्य सँघको प्रतिनिधी : श्री श्याम बहादुर खड्का
६. गाउँपालिका राजस्व शाखा प्रमुख : श्री डिल्लीराज जोशी